प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**शैक्षिक शत्र २०८१/०८२ मा डिप्लोमा तथा प्रमाणपत्र तहको वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटामा प्रवेश परीक्षाका लागि Online आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !**

(सूचना प्रकाशित मिति २०८१।०३।१५ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् प.नि.का.बाट संचालन गरिने डिप्लोमा तथा प्रमाणपत्र तहका तपसिल बमोजिमका शैक्षिक कार्यक्रमहरुमा सरकारी, सामुदायिक र परिषद्का आंगिक शिक्षालयहरुबाट एस.एल.सी/एस.इ.ई/प्रि-डिप्लोमा उत्तीर्ण गरेका शैक्षिक सत्र २०८१/०८२ मा "डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०८१" बमोजिम परिषद्बाट संचालन सम्बन्धन/स्वीकृती प्राप्त आंगिक, साझेदारी, टेक्स तथा निजी शिक्षालयहरुमा निर्धारण गरिएका वर्गीकृत (नि:शुल्क) छात्रवृत्ती कोटामा भर्नाका लागि देहायका कार्यक्रमहरुमा तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट २०८१ श्रावण ४ गते शुक्रवार भित्र रितपूर्वक आवेदन फाराम माग गरिएको हुंदा सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । न्यूनतम योग्यता पुगेका आवेदकहरुले Online बाट प्रवेश परीक्षा शुल्क बुझाई अध्ययन गर्ने प्रदेश, शिक्षालयहरु प्राथमिकिकरण र परीक्षा केन्द्रको जिल्लाहरु छनौट गरी Online Application Form भर्नु पर्नेछ ।

**तपसिल**

**१. बर्गीकृत (नि:शुल्क) छात्रवृत्ति सम्बन्धी जानकारी:**

परिषद्का आंगिक, साझेदार, सामुदायिक तथा निजी स्तरमा संचालित शिक्षालयहरुमा डिप्लोमा तथा प्रमाणपत्र तहमा भर्ना स्वीकृत कोटाको आधारमा प्रत्येक शैक्षिक कार्यक्रममा नेपाली नागरिकलाई देहाय वमोजिम कोटा संख्यामा छात्रवृत्ति प्रदान गरिनेछ ।

**तपसिल**

| छात्रवृत्तिको विवरण | २० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा | ३० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा | ४० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा | ४८ स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा |
|---|---|---|---|---|
| वर्गीकृत (नि:शुल्क) | १ | २ | ३ | ४ |

परिषद् स्तर निर्धारण महाशाखा, पोलिटेक्निक महाशाखा र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) महाशाखाबाट सम्वन्धन/स्वीकृत प्राप्त शिक्षालयहरुको विवरण र परिषद् कार्यालयको निर्णयानुसार कायम हुन आउने कार्यक्रमहरुमा वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटाहरु निम्न बमोजिम रहेका छन ।

| क्र.सं | कार्यक्रम | प्रदेश | | | | | | | जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सु.प | |
| १ | प्रमाणपत्र तह सामान्य चिकित्सा | ६३ | ८१ | ११३ | ३६ | ६९ | १५ | १८ | ३९५ |
| २ | प्रमाणपत्र तह नर्सिंग | २१ | ४८ | ६० | १२ | १५ | ० | ३ | १५९ |
| ३ | प्रमाणपत्र तह मेडिकल ल्याब टेक्नोलोजी | ४४ | ३० | ७६ | १८ | ५० | ६ | १२ | २३६ |
| ४ | प्रमाणपत्र तह डेण्टल साइन्स | ० | ६ | २४ | ३ | ० | ० | ० | ३३ |
| ५ | प्रमाणपत्र तह डाइग्नोष्टिक रेडियोग्राफी | १४ | १० | ४२ | ८ | १६ | ० | २ | ९२ |
| ६ | प्रमाणपत्र तह सामान्य आयुर्वेदिक चिकित्सा | ३ | ९ | ९ | ० | ९ | ६ | ३ | ३९ |
| ७ | प्रमाणपत्र तह अप्थाल्मिक विज्ञान | ० | ३ | ६ | ० | ९ | ० | ३ | २१ |
| ८ | प्रमाणपत्र तह अकुपञ्चर | ० | ० | ३ | ० | ० | ० | ० | ३ |
| ९ | फार्मेसी | २७ | ३३ | ९० | १५ | ३९ | १२ | २१ | २३७ |
| १० | फिजियोथेरापी | १२ | ३ | २७ | ३ | १८ | ० | ० | ६३ |
| ११ | योग एण्ड नेचुरोपेथी | ० | ३ | ० | ० | ० | ० | ० | ३ |
| १२ | मिडवाइफरी | ० | २ | २ | ० | ० | ० | ० | ४ |
| १३ | सिभिल इन्जिनियरिङ्ग | १३६ | १७२ | १५२ | ९२ | १२८ | ८८ | १०४ | ८७२ |
| १४ | इलेक्ट्रिकल इन्जिनियरिङ्ग | ८ | २८ | ३६ | ८ | १२ | ० | ८ | १०० |
| १५ | इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | २ | ० | ० | ० | ० | ० | ० | २ |
| १६ | इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | २ | ८ | १२ | ० | ८ | ० | ० | ३० |
| १७ | जिओमेटिक्स ईञ्जिनियरिङ्ग | १६ | ३२ | ४० | १२ | ४० | २४ | ८ | १७२ |
| १८ | आर्कीटेक्चर ईञ्जिनियरिङ्ग | १४ | ० | १२ | ० | १२ | ० | ० | ३८ |
| १९ | मेकानिकल इन्जिनियरिङ्ग | ४ | ८ | १२ | ० | १४ | ० | २ | ४० |
| २० | मेकाटोनिक्स इन्जिनियरिङ्ग | ० | ० | २ | ० | ० | ० | ० | २ |
| २१ | अटोमोवाइल इन्जिनियरिङ्ग | ० | ० | १४ | ८ | २० | ० | २ | ४४ |
| २२ | ईन्फरमेशन टेक्नोलोजी(आई.टी.) | २० | १६ | २० | ८ | २४ | ८ | ० | ९६ |
| २३ | कम्प्यूटर इन्जिनियरिङ्ग | ३२ | ७२ | ३२ | १५ | ३२ | २० | ८ | २११ |
| २४ | रेफ एण्ड एसी इन्जिनियरिङ्ग | ० | ० | ० | ० | ४ | ० | ० | ४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २५ | सिभिल इन्जिनियरिङ्ग( स्पेशलाइजेशन इन हाइडोपावर) | ८ | ० | ८ | ८ | १६ | ० | ० | ४० |
| २६ | बायोमेडिकल इन्जिनियरिङ्ग | ० | ० | ४ | ० | ४ | ० | ० | ८ |
| २७ | एग्रो इन्जिनियरिङ्ग | ० | ० | ० | ० | ० | ० | ४ | ४ |
| २८ | एग्रिकल्चर (बाली विज्ञान) | ६३ | ४५ | ६६ | ५१ | ६९ | १०८ | ३९ | ४४१ |
| २९ | एग्रिकल्चर (पशु विज्ञान) | ३९ | ४५ | ५१ | ३६ | ४५ | ३६ | २४ | २७६ |
| ३० | फुड एण्ड डेरी टेक्नोलोजी | ३ | ३ | ९ | ० | ६ | ० | ० | २१ |
| ३१ | फरेष्ट्री | ९ | ६ | ६ | १५ | ३३ | ३० | १८ | ११७ |
| ३२ | होटल म्यानेजमेण्ट | ६ | ३ | १५ | ६ | ६ | ० | ३ | ३९ |
| ३३ | इन्टरप्रिनरसिप | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३४ | सोसियल वर्कर | ० | ० | ३ | ० | ० | ० | ० | ३ |
| | **जम्मा** | **५४६** | **६६६** | **९४६** | **३५४** | **६९८** | **३५३** | **२८२** | **३८४५** |

परिषद्का प्रत्येक आंगिक, साझेदारी, सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम र निजी स्तरमा संचालित शिक्षालयहरुमा शैक्षिक शत्र २०८१/०८२ को लागि कार्यक्रम संचालन गर्न सम्वन्धन स्वीकृत पाएका प्रत्येक शैक्षिक कार्यक्रममा न्यूनतम योग्यता पुगेका नेपाली नागरिकलाई भर्ना सम्वन्धी निर्देशिकाको दफा १४ अनुसार निर्धारित कुल संख्यालाई १०० प्रतिशत कायम गरी उक्त संख्यालाई ५०-५० प्रतिशतमा साधारण र लक्षित वर्ग गरी दुई समूहमा विभाजन गरी दफा १५(ग) मा उल्लेख भए बमोजिमको संख्यामा निःशुल्क छात्रवृत्ति प्रदान गरिनेछ ।

**(क)** **<u>साधारण समूह</u>** : साधारण समूहको लागि कायम गरिएको सिट संख्यालाई सत प्रतिशत कायम गरी योग्यता पुगेका नेपाली नागरिकहरुलाई निःशुल्क (वर्गीकृत) छात्रवृत्ति प्रदान गरीनेछ ।

**(ख)** **<u>लक्षित वर्ग समूह</u>** : तोकिए बमोजिमको योग्यता पुगेका तपसिलका लक्षित वर्गका नेपाली नागरिकहरुलाई उल्लेख भए बमोजिमको प्रतिशतलाई सत प्रतिशत कायम गरी निम्न बमोजिमको आरक्षित गरिएको प्रतिशतमा कार्यक्रम अनुसारको सिट संख्यामा निःशुल्क (बर्गीकृत) छात्रवृत्ति प्रदान गरिनेछ ।

**<u>आरक्षित गरिएको लक्षित बर्ग र आरक्षित प्रतिशत :</u>**

| क.सं | लक्षित वर्ग | | आरक्षित प्रतिशत |
|---|---|---|---|
| १. | **महिला** | **२८** | |
| | क. दलित समुदायका महिला | ३ | **३३** |
| | ख. मुस्लिम समुदायका महिला | २ | |
| २. | दलित | | ९ |
| ३. | आदिवासी जनजाति | | १५ |
| ४. | खस आर्य | | १७ |
| ५. | **मधेशी** | ९ | |
| | क. मधेशी दलित | ३ | १२ |
| ६. | थारु | | ४ |
| ७. | मुस्लिम | | २ |
| ८. | पिछडिएको क्षेत्रका व्यक्ति | | ४ |
| ९. | अपाङ्गता भएको व्यक्ति | | २ |
| १०. | सहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरुको परिवार र द्वन्द्व पीडित | | २ |

(अ) यदि कुनै तोकिएको कार्यक्रमको अध्यापन नहुने अवस्था आइपरेमा यस बमोजिमको छात्रवृत्ति प्रदान गरिने छैन ।

(आ) परिषद्बाट छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीले अध्ययन पश्चात नेपाल सरकारले चाहेमा तोकिएको समय सम्म खटाएको स्थानमा गई सेवा गर्नु पर्नेछ । सो का लागि आवेदन फाराममा उल्लेखित कवुलियतनामा गर्नु पर्नेछ ।

(इ) कुनै पनि परीक्षार्थीले यस निर्देशिका वमोजिमको शैक्षिक कार्यक्रम अध्ययनका लागि परिषद् वा अन्य सरकारी निकायबाट उपलब्ध गराइने छात्रवृत्तिहरु मध्ये निजले रोजेको एउटा मात्र छात्रवृत्ति प्राप्त गर्नेछ ।

(ई) छात्रवृत्ति पाउने मनसायले नक्कली कागजपत्रहरु पेश गरी छात्रवृत्ति पाएको ठहर भएमा जुनसुकै अवस्थामा परिषद्, प.नि.का. ले रजिष्ट्रेशन खारेज गरी निज उपर प्रचलित कानून बमोजिम कार्वाहीका लागि सिफारीस गर्नेछ । त्यस्ता परीक्षार्थीलाई परिषद्बाट संचालन हुने कुनै पनि किसिमको परीक्षामा ५ वर्षसम्म समावेश गराइने छैन ।

(उ) छात्रवृत्तिमा सिफारिस भई भर्ना भएका परीक्षार्थीहरु संग शिक्षालयले निर्देशिकाको दफा १४ (छ) बमोजिम प्रशिक्षण, प्रयोगात्मक, रजिष्ट्रेशन, नियमित परीक्षा आवेदन, पुस्तकालय, प्रयोगात्मक स्थलसम्मको यातायात शुल्क लगायतका कुनै पनि शुल्क लिन पाइने छैन । तर अध्ययन अवधिभर खान बस्न, पोशाक र आवश्यक स्टेशनरीको व्यवस्था परीक्षार्थी आफैंले गर्नुपर्ने छ ।

(ऊ) बर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सिफारिश भएका परीक्षार्थीले पछि कार्यक्रम परिवर्तन गर्न पाइने छैन ।

## २. प्रशिक्षण गराइने शैक्षिक कार्यक्रम तथा आवश्यक न्यूनतम शैक्षिक योग्यता

### <u>(क) अक्षराङ्कन पद्धति लागू हुनु पूर्वका प्रवेशिका परीक्षाको हकमा</u>

| क्र.सं | अध्यापन गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| **१.** | प्रमाणपत्र तह नर्सिङ्ग/मिडवाइफरी | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण वा कुल प्राप्ताङ्कमा ४५ प्रतिशत अंक प्राप्त वा एस.एल.सी. उत्तीर्ण भई परिषद्बाट संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |
| **२.** | प्रमाणपत्र तह नर्सिङ्ग/मिडवाइफरी कार्यक्रम बाहेकका | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषदबाट संचालन |

| | | |
|---|---|---|
| | डिप्लोमा/प्रमाणपत्र तहका अन्य सम्पूर्ण कार्यक्रमहरु | हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |

**(ख) अक्षराङ्कन पद्धति लागू भए पछिको प्रवेशिका परीक्षाको हकमा**

| क.सं. | प्रशिक्षण गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | स्वास्थ्य कार्यक्रमहरूको लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा २.० जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी/प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |
| २. | स्वास्थ्य बाहेक अन्य सम्पुर्ण कार्यक्रमहरूको लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा १.६ जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |

(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत संचालन हुने डिप्लोमा तथा प्रमाणपत्र तहका कार्यक्रमहरुमा प्रि-डिप्लोमा तह अथवा ९-१० प्राविधिक धार वा सो सरह उत्तीर्ण गरेकाहरुले आफूले अध्ययन गरेको कार्यक्रम अथवा सोही संकायको अन्य कार्यक्रममा समेत अध्ययन गर्न पाउने ।

**नोटः माथि उल्लेख नभएका डिप्लोमा तथा प्रमाणपत्र तहका अन्य कार्यक्रमहरूको हकमा पाठ्यक्रमले निर्धारण गरे बमोजिम हुनेछ ।**

(अ) तोकिएको कार्यक्रमको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता नपुगी ग्रेड वृद्धिका लागि एस.ई.ई. मौका परीक्षामा समावेश हुने परीक्षार्थीहरुले प्रवेश परीक्षामा सामेल हुन पाउँनेछन् तर तोकिएको समयमा ग्रेड बृद्धिका लागि एस.ई.ई. को मौका परीक्षाको नतिजा प्रकाशित भइ नसकेको अवस्थामा पनि भर्ना लिन सकिनेछ र ग्रेड बृद्धि नभएमा सो भर्ना स्वतः रद्ध हुनेछ । भर्ना गर्ने सम्वन्धित शिक्षालयले आवश्यक ग्रेड बृद्धि हासिल नभएमा मेरो भर्ना रद्ध गर्न मञ्जुर छु भनी परिक्षार्थीलाई कबुलियतनामा गराउनुपर्नेछ । भर्ना रद्ध भएको अवस्थामा सम्वन्धित परिषद्, प्रदेश कार्यालयलाई कोटा रिक्त भएको जानकारी यथाशिघ्र पठाउनुपर्नेछ ।

**३. आवेदन फाराम साथ पेश गर्नुपर्ने कागजातहरु**

बर्गीकृत (निःशुल्क) छात्रवृत्तिका लागि परीक्षार्थी स्वयंले प.नि.का.बाट तोकिएको समयसीमा भित्र Online Application Form भर्नुपर्नेछ । तोकिएको सेवा प्रदायकबाट प्रवेश परीक्षा शुल्क Online माध्यमबाट बुझाउनुपर्नेछ ।

(क) नेपाली नागरीकता वा नावालिग वा जन्म दर्ता प्रमाणपत्रको सक्कलबाट Scan कपी ।

(ख) सरकारी वा सामुदायिक विद्यालय, परिषद्को आंगिक शिक्षालय हो भनी क्रमशः सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाई वा सम्बन्धित विद्यालय वा परिषद् शिक्षालयले प्रमाणित गरेको पत्रको सक्कलबाट Scan कपी ।

(ग) दलितको हकमा सूचीकृत भएको निर्देशिकाको ***अनुसूची ३*** अनुसारका जातिहरुले सम्वन्धित पालिकाको पत्र र सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित पालिकाको कार्यालयवाट दलित किटान गरिएको पत्रको सक्कलबाट Scan कपी ।

(घ) मधेशी/मुस्लिमको हकमा सम्वन्धित पालिका/जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्रको सक्कलबाट Scan कपी ।

(ङ) आदिवासी जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन बमोजिम सूचीकृत भएको निर्देशिकाको ***अनुसूची ४*** अनुसारका जातिहरुले सम्वन्धित पालिकाको पत्र र सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित पालिकाको कार्यालयवाट जनजाति प्रमाणित गरिएको आदिवासी जनजाति प्रमाणपत्रको सक्कलबाट Scan कपी ।

(च) खस आर्यको हकमा सम्वन्धित पालिका कार्यालयले प्रमाणित गरीदिएको प्रमाणपत्रको सक्कलबाट Scan कपी ।

(छ) थारुको हकमा सम्वन्धित पालिका कार्यालयले प्रमाणित गरीदिएको प्रमाणपत्रको सक्कलबाट Scan कपी ।

(ज) पिछडिएको दुर्गम क्षेत्रको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लाबाट नै न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको शैक्षिक योग्यता र स्थायी बसोबास गरेको सम्वन्धित पालिका कार्यालयले जारी गरेको प्रमाणपत्रको सक्कलबाट Scan कपी ।

(झ) बेपत्ता पारिएका व्यक्ति, सहिद परिवार, घाइते र निजको परिवारले विक्रम सम्वत २०६२/६३ को जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत मुलुक भित्र भएका सवै आन्दोलनको क्रममा वेपत्ता पारिएका व्यक्ति तथा सहिद परिवार/जन-आन्दोलन घाइते परिवार/द्वन्द्वपीडित/विस्थापित हो भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्र र नाता प्रमाणपत्रको सक्कलबाट Scan कपी ।

(ञ) अपाङ्गको हकमा नेपाल सरकारको सम्वन्धित कार्यालयले जारी गरेको अपाङ्ग परिचयपत्रको सक्कलबाट Scan कपी ।

(ट) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को १ प्रति रंगीन फोटो ।

(ठ) न्यूनतम शैक्षिक योग्यता वा सो सरहको शैक्षिक प्रमाण पत्रको सक्कलबाट Scan कपी ।

(ड) ग्रेड बृद्धिको परीक्षा दिएकाको हकमा ग्रेडसिट, एस.ई.ई परीक्षाको ग्रेड बृद्धिको फाराम भरेको प्रमाण वा कबुलियतनामाको सक्कलबाट Scan कपी । तर रजिष्ट्रेशन फाराम भर्दा अनिवार्य रुपमा ग्रेड बृद्धि भएको मार्कशिट पेश गर्नुपर्नेछ ।

(ढ) Online आवेदन फाराममा पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरु अनिवार्य समावेश गर्नुपर्नेछ । आवश्यक शैक्षिक प्रमाणपत्रहरु, सम्वन्धित बर्ग खुलेको कागजातहरु समावेश नगर्ने र नक्कली कागजात पेश गर्ने परीक्षार्थीहरुको आवेदन फाराम स्वतः रद्ध हुनेछ ।

(ण) बर्गीकृत (निःशुल्क) छात्रवृत्तिका लागि साधारण समूह र लक्षित वर्ग समूहको लागि एउटै Online Application Form हुनेछ । सो फाराममा आफु कुन वर्गमा पर्ने हो सोही व्यहोरा जनाउनु पर्नेछ । लक्षित वर्ग समूहमा आवेदन फाराम भर्न योग्य आवेदक साधारण समूहमा स्वतः आवेदक हुनेछ । बर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा आवेदन भर्ने आवेदकहरुले आवेदन फाराम बुझाएको प्रदेश स्तरमा प्रतिष्पर्धा हुनेछ ।

**४.आवेदन फाराम भर्ने, बुझाउने तथा प्रवेश परीक्षा सञ्चालन सम्बन्धी विवरण :**

| | | |
|---|---|---|
| **१. प्रवेश परीक्षा शुल्क** | : | **रु.१,०००।- (रु. एक हजार मात्र)** |
| **२. अनलाइनमा आवेदन फाराम खुल्ला हुने मिति** | : | **२०८१ असार २० गते देखि** |
| **३. अनलाइनमा आवेदन फाराम बुझाउने अन्तिम मिति** | : | **२०८१ श्रावण ४ गते राती ११:५९ बजे भित्र** |

| | | |
|---|---|---|
| ४.प्रवेश परीक्षा सञ्चालन हुने मिति | : | २०८१ श्रावण १२ गते शनिवार बिहान ८:०० बजे |
| ५.परीक्षा केन्द्रको नाम | : | परिषद्, प्रदेश कार्यालयले सिफारिश गरी पठाएको स्थानमा परीक्षा केन्द्र कायम हुनेछ। मिति २०८१ श्रावण ६ गते परीक्षा केन्द्रको नाम प्रकाशित गरिनेछ। |

**५. आवेदन फाराम बुझाउने सम्बन्धी जानकारी:**

(क) वर्गीकृत (निशुल्क) छात्रवृत्तिको आवेदन फाराम आवेदक स्वयंले परिषद् प.नि.का.बाट तोकिएको समयसिमा भित्र Online Application Form Entry गर्नुपर्नेछ। यसरी Online Application Form भर्दा आफुले अध्ययन गर्न चाहेको कार्यक्रम र प्रदेश स्पष्टसंग उल्लेख गरी अध्ययन गर्न चाहेको शिक्षालय प्राथमिकिकरण गर्नु पर्नेछ।

(ख) आवेदन फाराम भर्नको लागि प.नि.का. ले तोकेको Connect IPS वा खल्तीको Direct Online बाट प्रवेश परीक्षा शुल्क रु १०००। बुझाई भर्न सकिनेछ।

**Direct Online बाट शुल्क जम्मा गरी फाराम भर्ने तरिका**

(अ) वेभ ब्राउजरमा www.ctevt.org.np वा www.ctevtexam.org.np टाईप गरी Enter गर्ने।
(आ) Classified Online Form मा Click गर्ने।
(इ) आफूले अध्ययन गर्न चाहेको एउटा स्तर Diploma/PCL छानि New User मा Click गर्ने।
(ई) परीक्षार्थीको नाम, थर र मोबाइल नम्बर राखि Proceed मा Click गर्ने।
(उ) शुल्क जम्मा गर्ने Pay Now मा छानि आफुले शुल्क जम्मा गर्ने कम्पनी छानी Proceed मा Click गर्ने।
(ऊ) शुल्क जम्मा गरेको भेरिफिकेशन पश्चात आफ्नो पासवर्ड Create गर्ने र पासवर्ड Create भई सके पछि Classified Scholarship Online Application Form Open हुन्छ र Online Application Form मा उल्लेख भएको आवश्यक विवरण भर्दै जानु पर्ने छ।

**नोट** : आवश्यक कागजात JPG फर्मेटमा Scan गरि Upload गर्ने Size ;

- पासपोर्ट साइज रंगीन फोटो (35x45mm) को Size - Minimum 8kb, Maximum 50 kb
- परीक्षार्थीको Signature को Size - Minimum 3kb, Maximum 20 kb
- आवश्यक पर्ने कागजातको Size - Minimum 80kb, Maximum 300 kb

(ग) आवेदन फारामको साथमा हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को रंगीन फोटो र तोकिए अनुसारका कागजात अनिवार्य अपलोड गर्नु पर्नेछ। वर्गीकृत (नि:शुल्क) छात्रवृत्तिको अनलाइन आवेदन फाराम भर्ने सम्बन्धी निर्देशन निर्देशिकाको अनुसूची २ मा दिइएको छ।

(घ) तोकिए अनुसारका शुल्क, फोटो र कागजात समावेश नभएका आवेदन फारामहरु स्वत: रद्द हुनेछन्।

(ङ) वर्गीकृत (निशुल्क) छात्रवृत्तिको आवेदन फाराम आवेदक स्वयंले Online मा प्रकृया पुरा गरी प.नि.का.बाट स्वीकृत भएपछि तुरुन्त प्रवेश पत्र प्रिन्ट गर्न सकिन्छ। सो प्रिन्ट गरिएको प्रवेश पत्र प्रवेश परीक्षा र शिक्षालयमा भर्ना हुनको लागि चाहिने हुनाले सुरक्षित राख्नुपर्नेछ।

**६. छनौट प्रकृया सम्बन्धी जानकारी**

(क) पूर्ण शुल्कीय तर्फको प्रवेश परीक्षाको लागि प्रश्नपत्र निर्माण गर्दा एस.ई.ई.परीक्षाको पाठ्यक्रमको आधारमा अनिवार्य अंग्रेजी-२०, गणित-२५ र विज्ञान-२५ गरी जम्मा ७० वटा वस्तुगत बहु-उत्तर प्रश्न सोधिनेछ र लिखित परीक्षाको जम्मा पूर्णाङ्क ७० हुनेछ।
(ख) प्रश्नपत्रको नमूना र उत्तरपुस्तिकाको नमूना भर्ना सम्बन्धी निर्देशिकाको अनुसूची ५ र ८ मा दिए वमोजिम हुनेछ।
(ग) परीक्षाको समय जम्मा १ घण्टा ४५ मिनेट हुनेछ।
(घ) परीक्षार्थीहरुले उत्तर पुस्तिकामा दिइएको निर्देशन राम्रोसंग पढी सोहि अनुसार उत्तर दिनु पर्नेछ।
(ङ) परीक्षार्थीहरुले आफुलाई प्राप्त भएको प्रश्नपत्रमा उल्लेखित सेट अनिवार्य रुपमा Answer Sheet मा उल्लेख गर्नुपर्नेछ। उल्लेख नगर्ने परिक्षार्थीको परीक्षा स्वत रद्ध हुनेछ।
(च) परीक्षार्थीले आफ्नो उत्तरपुस्तिकामा तोकिएको भन्दा अन्य संकेत गरेको पाइएमा स्वत: रद्ध हुनेछ।
(छ) वर्गीकृत (नि:शुल्क) छात्रवृत्तिका कार्यक्रमहरुको प्रवेश परीक्षाको उत्तरपुस्तिका परीक्षणमा OMR Machine प्रयोग गरिनेछ।

उत्तरपुस्तिका (Answer Sheet) को सेट उल्लेख गर्ने ठाउंमा २ वटा घेरा मध्ये कुनै एक घेरा भित्र **अनिवार्य रुपमा Black Gel Pen ले** पूर्ण रुपमा कालो हुने गरी ढाक्नु पर्नेछ। सेट नखुलेको उत्तरपुस्तिकाको अंक प्रदान गरिने छैन। प्रश्नपत्रमा सेट A भए A मा र सेट B भए B मा **Black Gel Pen ले** कालो हुने गरी ढाक्नुपर्नेछ।

जस्तै प्रश्नपत्रको सेट A परेको भए ;

| | | |
|---|---|---|
| SET | A● | B○ |

उत्तरपुस्तिका (Answer Sheet) मा दिईएका ४ वटा गोलो घेरा मध्ये **सही उत्तर एकमा अनिवार्य रुपमा Black Gel Pen ले** गोलो भित्र पूर्ण रुपमा कालो हुने गरी ढाक्नु पर्नेछ। जस्तै सही उत्तर B भए

| | | | |
|---|---|---|---|
| ○ | ● | ○ | ○ |
| A | B | C | D |

ख. एक भन्दा बढी सम्भावित उत्तरमा चिन्ह लगाएमा वा उत्तरमा केरमेट गरेमा त्यस्ता उत्तरहरु स्वत: रद्द हुनेछन्। जस्तै सही उत्तर B हुंदा

| | | | |
|---|---|---|---|
| ○ | ● | ● | ○ |
| A | B | C | D |

**७. छनौटको आधार**

(क) भर्ना सम्बन्धी निर्देशिकाको दफा ३ (क) र (ख) बमोजिमको योग्यता पुगेका परीक्षार्थीहरुलाई तपसिल अनुसारको अंक प्रदान गरिनेछ।

| एस.ई.ई. परीक्षा | | एस.एल.सी. परीक्षा | | प्रा. एस.एल.सी./प्रि-डिप्लोमा परीक्षा | |
|---|---|---|---|---|---|
| प्राप्त ग्रेड प्वाइन्ट | शैक्षिक योग्यता वापत प्रदान गरिने अंक | प्राप्ताङ्क प्रतिशत | शैक्षिक योग्यता वापत प्रदान गरिने अंक | प्राप्ताङ्क प्रतिशत | शैक्षिक योग्यता वापत प्रदान गरिने अंक |
| ३.२ देखि ४.० | ३० | ७० देखि माथी | ३० | ७० देखि माथी | ३० |
| २.४ देखि ३.१९ | २७ | ५० देखि ६९.९९ | २७ | ६८.३३ देखि ६९.९९ | २७ |
| १.६ देखि २.३९ | २४ | ५० भन्दा कम | २४ | | |

(ख) प्रवेश परीक्षामा प्राप्त अंक र निर्देशिकाको दफा ११ (क) बमोजिम शैक्षिक योग्यता वापतको अंकको योगफल अनुसार परीक्षार्थीको योग्यताक्रम सूची निर्धारण गरिनेछ।

(ग) अनलाइन इन्ट्री गरेका फाराम परीक्षा नियन्त्रण कार्यालयबाट स्वीकृत भएपछि परीक्षार्थीको सिम्बल नम्बर कायम गरिनेछ र सिम्बल नम्बर कायम भई प्रवेश परीक्षा दिएका परीक्षार्थीहरुलाई मात्र योग्यताक्रमको सूचीमा समावेश गरिनेछ।

(घ) प्रवेश परीक्षा उत्तीर्ण हुनको लागि प्रवेश परीक्षामा प्राप्त अंक र निर्देशिकाको दफा ११ (क) बमोजिम शैक्षिक योग्यता वापतको अंक गरी कम्तीमा ३५ अंक प्राप्त गरेको हुनुपर्नेछ ।

(ङ) योग्यताक्रमको प्राप्ताङ्क बराबर भएका दुई भन्दा बढी आवेदकको हकमा प्राप्ताङ्कको दशमलव पछिको दुईभन्दा बढी अङ्क गणना गरी त्यसमा जसको अङ्क बढी हुन्छ उसको नाम प्रकाशित गरिनेछ ।

(च) दशमलव पछिको दुईभन्दा बढी अङ्क गणना गर्दा पनि अंक बराबर भएमा एस.एल.सी./एस.ई.ई. परीक्षाको नतिजालाई आधार मानी नतिजा प्रकाशित गरिनेछ ।

(छ) एस.एल.सी./एस.ई.ई. को नतिजा पनि बराबर भएमा एस.एल.सी./एस.ई.ई. परीक्षाको क्रमशः अनिवार्य गणित, विज्ञान र अंग्रेजीको नतिजालाई आधार मानी नतिजा प्रकाशित गरिनेछ ।

(ज) निर्देशिकाको दफा ११(च) अनुसार पनि अंक बराबर भएमा सरकारी वा सामुदायिक विद्यालयबाट एस.ई.ई उत्तीर्णलाई आधारमानी नतिजा प्रकाशन गरिनेछ ।

(झ) निर्देशिकाको दफा ११(छ) अनुसार पनि अंक बराबर भएमा जन्म मितिलाई आधार मानी बढी उमेर भएकालाई प्राथमिकता दिइनेछ ।

(ञ) अक्षराङ्कन पद्धतीको नतिजामा तोकिएको जि.पि.ए.लाई प्रतिशत निर्धारण गर्दा निम्न बमोजिम गरिनेछ ।

$GPA \times 23.75 = \%$

(ट) वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको सबै कार्यक्रमहरुको प्रवेश परीक्षा संचालन, व्यवस्थापन तथा नतिजा प्रकाशन गर्न परिषद्को प्रदेश कार्यालयहरुमा डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका २०८१ को दफा १९ मा उल्लेखित उप समितिले कार्य गर्नेछ । उक्त उप समितिको काम, कर्तव्य र अधिकार दफा २१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(ठ) सम्वन्धित परिषद्, प्रदेश कार्यालयले उपरोक्त बिधिबाट नतिजा तयार गरी उच्चतम अङ्कको आधारमा आवेदकले प्राथमिकिकरण गरेको शिक्षालय अनुसार नतिजा प्रकाशन गरी भर्नाको लागि सिफारिस गरी परिषद्, प्रदेश कार्यालय, परीक्षा नियन्त्रण कार्यालय र परिषद्को वेवसाइटमा प्रकाशन गर्नेछ ।

## ८. परीक्षा केन्द्र, नतिजा प्रकाशन तथा भर्ना सम्वन्धमा :

(क) परीक्षार्थीले प.नि.का.ले तोकेको मिति, समय र परीक्षा केन्द्रमा प्रवेश परीक्षा दिनुपर्नेछ ।

(ख) वर्गीकृत (निशुल्क) छात्रवृत्ति कार्यक्रममा निर्देशिका बमोजिम योग्यता पूरा गरेका विद्यार्थीहरुले आफुलाई अध्ययन गर्न पायक पर्ने जुनसुकै प्रदेशबाट online आवेदन फाराम भर्न सक्नेछन् तर छात्रवृत्ती छनौट आवेदन फाराम भरेको प्रादेशिक स्तरमा योग्यताक्रम अनुसार प्रतिस्पर्धा हुनेछ ।

(ग) वर्गीकृत (निशुल्क) छात्रवृत्तिको हकमा नेपाली नागरीकताको प्रमाणपत्र वा नावालिक वा जन्म दर्ताको प्रमाणपत्र तथा आफ्नो वर्गको परिचय खुल्ने प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(घ) तोकिए बमोजिम न्यूनतम योग्यता वा सो सरहको परीक्षाको लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि, नेपाल बाहेक अन्य देशबाट सो सरहको परीक्षा उत्तीर्ण गर्नेहरुले समकक्षता प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(ङ) उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुबाट शिक्षालयहरुमा कोटा रिक्त भएको खण्डमा मुख्य परीक्षार्थीको रुपमा सिफारिश हुने भएकोले सम्वन्धित परिषद्, प्रदेश कार्यालयहरुको सूचनाहरु हेर्नु हुन र सम्पर्क गरी जानकारी लिनु हुन अनुरोध गरिन्छ ।

(च) नतिजा प्रकाशन www.ctevtexam.org.np बाट सम्वन्धित परिषद्, प्रदेश कार्यालयहरुले गर्नेछन । नतिजा प्रकाशन भएको १० दिन भित्रमा परीक्षार्थीहरुले प्रवेश पत्र, Website मा प्रकाशित नतिजा विवरण, शैक्षिक योग्यताका प्रमाणपत्रहरु, नागरिकता प्रमाणपत्र/जन्म दर्ता प्रमाणपत्रका सक्कल प्रति लिई सिफारिश भएको शिक्षालयमा भर्ना हुन जानुपर्नेछ ।

## ९. अन्य जानकारीहरु :

(क) परीक्षार्थीले भर्ना हुंदाका बखत पाठ्यक्रमले तोके बमोजिम अध्ययन अवधिभर सैद्धान्तिक तथा प्रयोगात्मक कक्षामा उपस्थित हुने अनुसूची १२ मा उल्लेखित स्वघोषणा गरेको कबुलियतनामा पेश गर्नुपर्नेछ ।

(ख) छात्रवृत्तिको योग्यताक्रम सूचिमा रहेका विद्यार्थी पूर्ण शुल्किय कोटामा भर्ना भई रजिष्ट्रेशन कायम भए पश्चात छात्रवृत्ति कोटा रिक्त रहेता पनि छात्रवृत्तिमा स्थानान्तरण गरिने छैन ।

**नोट**: यस सूचनामा समावेश हुन नसकेका भर्ना सम्बन्धी प्रावधानहरु परिषद्को ऐन, नियम, विनियम तथा परिषद् प.नि.का. द्वारा जारी गरिएको "डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०८१ बमोजिम हुनेछ ।

**विशेष अनुरोधः** आवेदन फाराम भर्ने विद्यार्थी, अभिभावक तथा कार्यक्रम संचालन गर्ने शिक्षालयहरुले उल्लेखित निर्देशिका www.ctevtexam.org.np बाट डाउनलोड गरी अनिवार्य रुपमा अध्ययन गर्नु हुन सूचित एवं अनुरोध गरिन्छ । विद्यार्थीलाई प्रवेश परीक्षामा उत्तीर्ण गराई अध्ययनको अवसर प्रदान गराइदिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न चाहेमा त्यसप्रति पुर्ण सचेत रही भर्ना प्रकृया मर्यादित एवं निष्पक्ष रुपमा संचालन गर्न गराउन सम्वन्धित विद्यार्थी, अभिभावक र सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ । साथै अन्य जानकारी आवश्यक परेमा परिषद्का प्रदेश कार्यालयहरु इटहरी, जनकपुर, हेटौंडा, पोखरा, वुटवल, विरेन्द्रनगर, धनगढी र परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**